# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं. २०७७/०७८ | मितिः २०७८/१/१९

च.नं. १६५४

**विषयः कोरोना भाइरस ( Covid- 19) को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा नगरपालिकाको सार्वजनिक अपिल।**

कोरोना भाईरस (covid -19) को दोस्रो लहर नेपालका विभिन्न जिल्लाहरुमा तिव्र रुपमा फैलिरहेको अवस्थामा नेपाल सरकारको निर्णयानुसार काठमाण्डौ उपत्यका, काभ्रेपलाञ्चोक जिल्लाका मुख्य शहरबजारहरु लगायत देशका विभिन्न जिल्लाहरुमा निशेधाज्ञा जारी भइरहेको व्यहोरा सर्वविदितै छ। यसै सन्दर्भममा काभ्रेपलाञ्चोक जिल्लामा समेत मिति २०७८।१।१७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयले स्थानीय तहले आवश्यक व्यवस्थापन गर्ने निर्णय गरेको र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०७८।१।१८ को निर्णयबाट मिति २०७८।१।२६ गते राती १२ वजेसम्म यस नगरपालिका क्षेत्र भित्रका बजारहरुमा निशेधाज्ञा जारी गरेको सन्दर्भमा काठमाण्डौ उपत्यका र संक्रमण प्रभावित क्षेत्रहरुवाट मानिसहरुको आवतजावत भइरहेकोले यस महामारीबाट आम नगरवासीहरुको स्वास्थ्य सुरक्षाका खातिर मिति २०७८।१।२७ सम्मका लागि निम्नानुसार कार्य नगर्न, नगराउनु हुन सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं।

तपसिल

१ विवाह, व्रतवन्ध, पास्नी, क्षेवर घेवा, जात्रा,पर्व लगायतमा १५ जना भन्दा वढी मानिस जमघट नगर्न नराउनु हुन।

२. नगरपालिका क्षेत्र भित्र तथा बाहिर अनावश्यक रुपमा आवतजावत नगर्न नगराउनु हुन र अनावश्यक आवत जावत रोक्न सबै नागरिकहरु जिम्मेवारीका साथ लाग्नु हुन।

३. अत्यावश्यक कामका बाहेक अन्य कुनै पनि सवारी साधनहरु सञ्चालन नगर्नु, नगराउनु हुन।

४. अत्यावश्यक दैनिक उपभोग्य सामाग्रीहरु बाहेकका सबै खाले होटल, पसल तथा व्यवसायहरु बन्द गर्नु हुन।

५. औषधि उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरवाट बाहिर ननिस्कन, हिडडुल नगर्नु हुन।

६. नेपाल सरकारबाट तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड र सामाजिक दुरी अनिवार्य पालना गर्नु, गराउनु हुन।

७. सबै किसिमका गोष्ठि, भेला जुलुस, सभा, सम्मेलन, तालिम, सेमिनार, सिनेमा हल सञ्चालन, पार्टी प्यालेस सञ्चलान, स्वीमिङ पुल सञ्चालन, मनोरञ्जन स्थल, शैलुन, व्युटि पार्लर, जिमखाना, समुहमा खेलिने खेलकुद, संग्रहालय, होटल, रेष्टुरेन्ट आदि सञ्चचालन नगर्नु, नगराउनु हुन।

८. अत्यावश्यक काममा बाहेक कोही पनि घर वाहिर आवत जावत नगर्नु, नराउनु हुन।

९.. कोभिड-१९ सँग मिल्दोजुल्दो वा यस्तै प्रकारको कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा नगरपालिकामा सम्पर्क गर्नु हुन।

**यस सूचनालाई बेवास्था गरि कोही कसैले सूचना विपरितका कार्य गरे गराएमा संक्रामक रोग ऐन, २०२० अनुसार कार्वाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।**

सम्पर्कका लागि
नगरप्रमुख - ९८५११९९९१८
उपप्रमुख- ९८५१२४२९५८
स्वास्थ्य शाखा प्रमुख- ९८५१०३७७९६

२०७८।०१।१९
टोक बहादुर वाईबा
नगर प्रमुख

**टोकबहादुर वाइबा**
**नगर प्रमुख**


फोन नं. : ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com